स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

President
Mr. Krishna Pd. Acharya

Vice President
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

Secretary General
Er. Gore Sherpa

Secretary
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

Treasurer
Mr. Ananda Chaudhary

Executive Committee Members
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

Imme. Past President
Mr. Shailendra Guragain

मिति : २०७७/१२/१७

श्रीमान् सचिव ज्यू

वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाडौं

विषय : "वन नियमावली, २०७७" मस्यौदामा तिन महले प्रतिक्रिया सम्वन्धमा ।

महोदय,

उपरोक्त विषयमा तहाँ मन्त्रालयबाट जारी गरिएको "वन नियमावली, २०७७" मस्यौदामा राय, प्रतिक्रिया तथा सुझावको माग भए बमोजिम यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालले उक्त नियमावलीमा गरिनुपर्ने परिवर्तनको तिन महले यसै पत्रसाथ संलग्न गरिएको जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल २०५७ IPPAN 2001

कृष्णप्रसाद आचार्य

अध्यक्ष

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालले मस्यौदा वन नियमवाली, २०७७ मा संशोधनका सम्वन्धमा तीन महले प्रस्ताव

| क.स. | हालको मस्यौदा वन नियमावली २०७७ मा प्रस्ताब गरीएको | प्रस्तावित संशोधन प्रस्ताव | संशोधनको कारण |
|---|---|---|---|
| १. | **नियम २१.** वन पैदावार सङ्कलन गर्ने तथा निकाल्ने अवधि : (१) मन्त्रालयले नेपाल राजपत्रमा सुची प्रकाशन गरी निर्धारीत जिल्लाहरुको वन क्षेत्रमा कात्तीक देखि वैशाख र/जेष्ठ मसान्त सम्म र अन्य जिल्लाहरुको वन क्षेत्रमा डिभीजनल वन अधिकृतले प्रदेश वन निर्देशकसंग परार्मश गरी बढीमा छ/सात महिना सम्मको लागी वन पैदावार सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाले म्याद निर्धारण गर्नु पर्ने छ।<br><br>तर विपद्मा परेका व्यक्तिहरुलाई जुनसुकै समयमा काठको बिक्री वितरण गर्नको लागि वन क्षेत्रबाट काठ सङ्कलन गरी बाहिर निकाल्न यस नियमले बाधा पुर्‍याएको मानिने छैन। | **नियम २१.** वन पैदावार सङ्कलन गर्ने तथा निकाल्ने अवधि : (१) मन्त्रालयले नेपाल राजपत्रमा सुची प्रकाशन गरी निर्धारीत जिल्लाहरुको वन क्षेत्रमा कात्तीक देखि वैशाखर/जेष्ठ मसान्तसम्म र अन्य जिल्लाहरुको वन क्षेत्रमा डिभीजनल वन अधिकृतले प्रदेश वन निर्देशकसंग परार्मश गरी बढीमा छ/सात महिना सम्मको लागी वन पैदावार सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाले म्याद निर्धारण गर्नु पर्ने छ।<br><br>तर विपद्मा परेका व्यक्तिहरुलाई र **विकास निर्माणका आयोजनाहरुको वातावरणीय अध्ययनले तोके बमोजीमका** हटाउनु पर्ने रुख बिरुवा जुनसुकै समयमा काठको बिक्री वितरण गर्नको लागि वन क्षेत्रबाट काठ सङ्कलन गरी बाहिर निकाल्न यस नियमले बाधा पुर्‍याएको मानिने छैन। | जल विधुत आयोजनाहरुको वातावरणीय अध्ययनले तोके बमोजीमका हटाउनु पर्ने रुख बिरुवा समयमै हटाउन यस नियमले बाधा पुर्‍याएकाले। |
| २. | परिच्छेद १२ मा रहेको विकास आयोजना सम्बन्धी व्यवस्था | | परिच्छेद १२ मा रहेको विकास आयोजना सम्बन्धी व्यवस्था का नियमहरु निजी विकास आयोजनाहरुका लागी समेत लागु हुने हो होइन एकीन छैन। सो कुरा स्पष्ट हुनु पर्दछ। |
| ३. | **नियम १०२** (४) आयोजना सञ्चालका लागि प्रयोग हुने वनक्षेत्रको एकिन गर्दा पक्की संरचना निर्माण गर्नुपर्ने क्षेत्र र | नियम १०२ (४) आयोजना सञ्चालका लागि प्रयोग हुने वनक्षेत्रको एकिन गर्दा पक्की संरचना निर्माण | ३३ के.भि वा सो भन्दा साना विद्युत प्रशारण/वितरण |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल २०५८ IPPAN 2001

| | | | |
|---|---|---|---|
| | रुख हटाउनु पर्ने क्षेत्रफललाई आधार मान्नु पर्नेछ। | गर्नुपर्ने क्षेत्र र रुख हटाउनु पर्ने क्षेत्रफललाई आधार मान्नु पर्नेछ।<br>**तर ३३ के.भि वा सो भन्दा साना विद्युत प्रशारण/वितरण लाईनको ROW को क्षेत्रफललाई आधार मानिने छैन।** | लाईनको ROW को क्षेत्रफल को सन्दर्भमा साविकको नियम बमोजिग गर्न उपयुक्त देखिएकाले। |
| ४. | **नियम १०५** (२) उपनियम (१) बमोजिम माग भएको विवरण प्रदेश निर्देशनालयले डिभिजनल वन कार्यालयबाट स्थलगत अध्ययन समेत गराइ राय साथ नब्बे दिन भित्र विभाग मार्फत मन्त्रालयमा पठाई सोको जानकारी प्रदेश मन्त्रालयलाई दिन पर्नेछ। | नियम १५० (२) उपनियम (१) बमोजिम माग भएको विवरण प्रदेश निर्देशनालयले डिभिजनल वन कार्यालयबाट स्थलगत अध्ययन समेत गराइ राय साथ **पैंतिस** दिन भित्र विभाग मार्फत मन्त्रालयमा पठाई सोको जानकारी प्रदेश मन्त्रालयलाई दिन पर्नेछ। | निजी जलविधुत आयोजनाहरुको वन क्षेत्र प्रयोग तथा रुख बिरुवा समयमै हटाउने अनुमती समेत यसै नियम बमोजम हुने र हाल तोकएको समय निक्कै लामो भएकाले। |
| ५. | **नियम ११७.** वृक्षारोपन र संभारको लागि रकम उपलब्ध गराउनु पर्ने : (ख) आयोजना कार्यान्वयन गर्न राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गरे बापत वन स्रोतको विकास गर्न निम्न अनुसारको रकम आयोजना संचालकले जम्मा गर्नु पर्नेछः<br>(क) आयोजनाले वन विकासको लागि सट्टाभर्नाको रुपमा उपलब्ध गराएको जग्गामा वृक्षारोपन गरी वन विकास गर्नको लागि विरुवा उत्पादन तथा वृक्षारोपन गरी र पाँच वर्षसम्म त्यस्तो वृक्षारोपन क्षेत्रको संभारको लागि आवश्यक पर्ने रकम,<br><br>(ख) आयोजना कार्यान्वयन गर्दा हटाइएका रुख र पोलको संख्याको दश गुणाको दरले हुने संख्या वृक्षारोपन गर्न वा प्रति हेक्टर १६०० विरुवाको दरले हिसाव गर्दा हुन आउने क्षेत्रफलमा प्राकृतिक पुनरोत्पादन गर्ने र पाँच वर्षसम्म त्यस्तो | नियम ११७. वृक्षारोपन र संभारको लागि रकम उपलब्ध गराउनु पर्ने : (ख) आयोजना कार्यान्वयन गर्न राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गरे बापत वन स्रोतको विकास गर्न निम्न अनुसारको रकम आयोजना संचालकले जम्मा गर्नु पर्नेछः<br><br>(क) आयोजनाले वन विकासको लागि सट्टाभर्नाको रुपमा उपलब्ध गराएको जग्गामा वृक्षारोपन गरी वन विकास गर्नको लागि विरुवा उत्पादन तथा वृक्षारोपन गरी र पाँच वर्षसम्म त्यस्तो वृक्षारोपन क्षेत्रको संभारको लागि आवश्यक पर्ने रकम,<br><br>(ख) आयोजना कार्यान्वयन गर्दा हटाइएका रुख र पोलको संख्याको **पाँच** गुणाको दरले हुने संख्या | नियम ११७ (क) बमोजिम सट्टाभर्नाको रुपमा उपलब्ध गराएको जग्गामा वृक्षारोपन गरी पाँच वर्षसम्म त्यस्तो वृक्षारोपन क्षेत्रको संभारको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउने र पुन हटाइएका रुख र पोलको संख्याको दश गुणाको दरले हुने संख्या वृक्षारोपन तथा त्यसको पाँच वर्षसम्म संरक्षण गर्दा हुने दोहोरो खर्च निजी जलविधुत आयोजनाहरुले धान्न मुस्किल |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल
IPPAN 2001

| | | | |
|---|---|---|---|
| | क्षेत्रको संरक्षणको लागि आवश्यक पर्ने रकम । | वृक्षारोपन गर्न वा प्रति हेक्टर १६०० विरुवाको दरले हिसाव गर्दा हुन आउने क्षेत्रफलमा प्राकृतिक पुनरोत्पादन गर्ने र पाँच वर्षसम्म त्यस्तो क्षेत्रको संरक्षणको लागि आवश्यक पर्ने रकम । | पर्ने भएकाले । |
| ६. | **नियम १२७.** वातावरणीय सेवा शुल्क जम्मा गर्नु पर्ने : (१) जलविद्युत उत्पादन तथा प्रसारण आयोजना, खानि तथा खनिज पदार्थमा आधारित उद्योग, ठूला सहरी खानेपानी आयोजना र वनक्षेत्र उपयोग गर्ने पर्यटन उद्योग जस्ता प्राकृतिक स्रोतमा आधारित मझौला र ठूला उद्योगबाट उक्त आयोजना वा उद्योगले वार्षिक रुपमा आर्जन गरेको खुद मुनाफाको एक प्रतिशत रकम वातावरणीय सेवा शुल्क वापत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ ।<br><br>तर कुनै कारणले त्यस्तो आयोजना वा उद्योग घाटामा गएको वर्ष नेपाल सरकारले वातावरणीय सेवा शुल्क छुट दिन सक्नेछ । | नियम १२७. वातावरणीय सेवा शुल्क जम्मा गर्नु पर्ने : (१) खानि तथा खनिज पदार्थमा आधारित उद्योग, ठूला सहरी खानेपानी आयोजना र वनक्षेत्र उपयोग गर्ने पर्यटन उद्योग जस्ता प्राकृतिक स्रोतमा आधारित मझौला र ठूला उद्योगबाट उक्त आयोजना वा उद्योगले वार्षिक रुपमा आर्जन गरेको खुद मुनाफाको एक प्रतिशत रकम वातावरणीय सेवा शुल्क वापत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ । **जलविद्युत उत्पादन तथा प्रसारण आयोजना जस्ता हरित नवीकरणीय उर्जा उत्पादन तथा प्रशारण गर्ने आयोजनाको हकमा भने यो नियम बाध्यकारी हुने छैन ।**<br><br>तर कुनै कारणले त्यस्तो आयोजना वा उद्योग घाटामा गएको वर्ष नेपाल सरकारले वातावरणीय सेवा शुल्क छुट दिन सक्नेछ । | जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरुले वातावरयणिय अध्ययनले तोके बमोजिमको खर्च, सामाजिक उत्तरदायित्व शुल्क तथा रोयल्टी समेत बुझाउँदै आएकोछ । हरित नवीकरणीय उर्जा उत्पादन गरी वातावरण संरक्षणमा नै सहयोग पुग्राउने आयोजनालाई थप आर्थिक भार थप्दा आयोजनाहरु चल्नै नसक्ने अवस्थामा पुग्ने भएकाले । |

**विधेयकले समेटनुपर्ने थप विषयहरुः**

- यस नियमावली आउनु पुर्व नै वातावरयणिय अध्ययन प्रतिवेदन स्वीकृत भईसकेका तथा कार्यसुची स्विकृत भई प्रकृयामा रहेका वातावरयणिय अध्ययन, राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग अधिकार तथा रुख हटाउने कार्यहरु साबीककै नियम बमोजीम गर्न गराउन यसै नियममा व्यवस्था गरीदिनुहुन ।

- साथै, नेपाल सरकारका हर नियमकानुन अनुसारको शुल्क बुझाउँदा पनि जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरुलाई सामुदायीक वनहरुले अतिरीक्त शुल्क तिर्न बाध्य पार्दै आएका छन् । सो किसीमको अतिरीक्त शुल्क माग गर्न नपाउने भनि यसै नियममावलीमा व्यवस्था गरीदिनुहुन समेत अनुरोध छ ।

- जलविद्युत आयोजनाहरुको विकास गर्दा वन क्षेत्र दुई प्रकारले उपयोग गरिन्छ । अस्थाई र स्थाई रुपमा । स्थाई रुपमा प्रयोग गर्दा आयोजना अवधिभर वनको प्रयोग गरिन्छ भने अस्थाई रुपमा वन क्षेत्र प्रयोग गर्दा निर्माण अवधिभर मात्र सो क्षेत्र प्रयोग गरिन्छ । त्यसैले अस्थाई रुपमा प्रयोग गर्ने वन क्षेत्रको सट्टाभर्ना स्थाई रुपमा प्रयोग हुने वन क्षेत्र बमोजिम गर्न मुनासिव देखिदैन । त्यसैले पुरानो व्यवस्था अनुसार नै स्थाई रुपमा प्रयोग हुने वन क्षेत्रको मात्र सट्टाभर्ना गर्ने र अस्थाई रुपमा प्रयोग हुने वन क्षेत्रको हकमा निर्माण अवधिभर पट्टा लिने व्यस्था गर्न वन ऐनमा संशोधन गरी सोही अनुरुप नियमावलीमा सो सम्बन्धी व्यवस्था गर्ने ।

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION
स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल
२०५७
IPPAN 2001